खण्ड: ६ सङ्ख्या: २ मिति: २०७९।०९।२९

# महाभारत गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड: ६ सङ्ख्या: २ मिति: २०७९।०९।२९

**भाग-२**

**महाभारत गाउँपालिका**

## महाभारत गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि- २०७९

प्रस्तावना : यस महाभारत गाउँपालिका काभ्रेपलाञ्चोकद्वारा एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा २ बमोजिम यो एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ तयार पारिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

१. एम्बुलेन्स भन्नाले विरामी ओसार पसार ल्याउने/पुऱ्याउने वाहनलाई सम्झनु पर्दछ ।

२. एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालकलाई सम्झनुपर्दछ ।

३. चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ ।

४. संस्था भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने घर्तिछाप अस्पताललाई सम्झनुपर्दछ ।

५. कार्यपालिका भन्नाले महाभारत गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

६. समिति भन्नाले यस कार्यविधी बमोजिम बनेको एम्बुलेन्स सेवा सञ्चालन समिति र निर्देशक तथा अनुगमन समिति सम्झनुपर्दछ ।

७. शुल्क भन्नाले समितिले तोकेको अनुमति, नवीकरण तथा सेवा शुल्कलाई सम्झनुपर्दछ ।

८. सेवा भन्नाले एम्बुलेन्सले आकस्मीक वा अन्य गम्भीर प्रकृतिका स्थानीय स्तरमा उपचार हुन नसकी सुबिधा सम्पन्न अस्पताल सम्म लाने र ल्याउने विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

## ३. महाभारत गाउँपालिकाको काम, कर्तव्य र अधिकार

१. एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा आवश्यक ऐन, कानुन, नियमावली तथा कार्यविधिहरुको निर्माण गर्ने ।

२. एम्बुलेन्स सेवा सञ्चालन समिति र निर्देशक तथा अनुगमन समिति गठन गरी परिचालन गर्ने ।

३. एम्बुलेन्स सेवा सञ्चालन कोष व्यवस्थापनको लागि आम्दानी रसिद उपलब्ध गराउने ।

४. एम्बुलेन्स सेवा सञ्चालन कोषमा जम्मा भएको रकम एम्बुलेन्स मर्मत तथा नविकरण प्रयोजन र इन्धन खर्चको लागि अपुग हुन गएमा गाउँपालिकाबाट आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने ।

५. एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कोषको लेखापरिक्षण गराउने ।

## ४. समिति गठन तथा समितिको काम, कर्तव्य र अधिकार

### क. निर्देशक तथा अनुगमन समिति

एम्बुलेन्स सेवा सञ्चालन समिति एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायका पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन निर्देशन तथा अनुगमन समिति रएम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

एम्बुलेन्स सेवा निर्देशक तथा अनुगमन समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् ।

१. उपाध्यक्ष गाउँपालिका श्री सागर मोक्तान संयोजक

२. वडाध्यक्ष वडा नं १ श्री कान्छामान जिम्बा सदस्य

३. वडाध्यक्ष वडा नं.२ श्री पदम बहादुर मोक्तान सदस्य

४. वडाध्यक्ष वडा नं.३ श्री कारसाङ लामा सदस्य

५. वडाध्यक्ष वडा नं.४ श्री विशाल मोक्तान सदस्य

६. वडाध्यक्ष वडा नं.५ श्री विजय राना मगर सदस्य

७. वडाध्यक्ष वडा नं.६ श्री रमेश कुमार लुंगेली सदस्य

८. वडाध्यक्ष वडा नं.७ श्री खड्ग बहादुर श्रेष्ठ सदस्य

९. वडाध्यक्ष वडा नं.८ श्री टंक बहादुर आले सदस्य

१०. कार्यपालिका महिला सदस्य सदस्य

११. कार्यपालिका दलित सदस्य
सदस्य

१२. सदस्य सचिव श्री स्वास्थ्य शाखा प्रमुख
सदस्य सचिव

**निर्देशक तथा अनुगमन समितिको काम कर्तब्य र अधिकार**

१. एम्बुलेन्स सेवा सञ्चालक समितिलाई आवश्यक निर्देशन गर्ने

२. एम्बुलेन्सको भौतिक अवस्था, मर्मत सम्भार तथा रेखदेख सम्बन्धमा अनुगमन गरी आवश्यक सुझाव दिने

३. कार्यविधिमा तोकिए बमोजिमको भाडादर कार्यान्वयन भए नभएको बिषयमा अनुगमन गर्ने/गराउने ।

**ख. एम्बुलेन्स सेवा सञ्चालक समिति**

१. सम्बन्धीत वडाको वडाअध्यक्ष
संयोजक

२. दलित, अल्पसंख्यक
सदस्य

३. सम्बन्धित वडाको महिला सदस्य
सदस्य

४. आदिवासी जनजाती
सदस्य

५. अध्यक्षबाट मनोनित १ जना
सदस्य

६. सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविका
सदस्य

७. सम्बन्धित अस्पतालको स्वास्थ्य संस्था प्रमुख
सदस्य सचिव

## एम्बुलेन्स सेवा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

१. एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा अस्पताललाई आवश्यक निर्देशन दिने ।

२. सम्बन्धीत अस्पताललाई एम्बुलेन्स सेवा सञ्चालन कोषको व्यवस्थापन गर्न निर्देशन दिने ।

३. एम्बुलेन्स परिचालनको लागि एकजना तालिमप्राप्त स्वास्थ्यकर्मी अस्पतालबाट व्यवस्था गर्न लगाउने ।

४. एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापनको लागि बैंक खाता खोल्ने र प्राप्त भएको आम्दानी खोलिएको खातामा जम्मा गर्न लगाउने ।

५. एम्बुलेन्स सेवा सञ्चालन कोषमा जम्मा भएको रकम एम्बुलेन्सको मर्मत सम्भार, नविकरण तथा इन्धनको लागि खर्च गर्न लगाउने ।

६. प्रचलित कानूनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी सेवा सञ्चालन भए वा नभएको निरिक्षण गर्ने ।

७. समितिले तोके अनुसारको भाडा लिई सोको बिल सेवाग्राहीलाई उपलब्ध गराउने

८. बिरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुऱ्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्न लगाउने ।

९. कार्यविधिमा उल्लेख भएबमोजिम एम्बुलेन्स सेवा प्रदान गर्न लगाउने ।

१०. कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित नगरिने ।

११. एम्बुलेन्सलाई २४ सै घण्टा तयारी अवस्थामा राख्नुपर्ने ।

१२. एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्नेछ । र प्रत्येक वर्ष गाउँपालिकाबाट लेखापरिक्षण गराउनुपर्नेछ ।

१३. एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक ४/४ महिनामा एम्बुलेन्स सेवा सञ्चालन समितिलाई जानकारी गराउने ।

१४. गाउँपालिकाबाट प्राप्त निर्देशनलाई अक्षरश पालना गर्ने ।

१५. एम्बुलेन्स चालक तथा एम्बुलेन्समा खटिने स्वास्थ्यकर्मीलाई  बनेपा, धुलिखेल तथा काठमाडौं बिरामी ओसारपसार गरेबापत प्रतिव्यक्ति रु.५०० तथा गाउँपालिका

भित्रबाट अस्पतालमा बिरामी ओसारपसार गरेबापत प्रतिव्यक्ति रु.२०० को दरले खाजा खर्च अस्पतालबाट बाट उपलब्ध गराउन लगाउने ।

## ५. एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण

१. राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

२. एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राईभ भएको हुनुपर्नेछ ।

३. एम्बुलेन्समा एम्बुलेन्स शब्द र गाउँपालिका र चालकको टेलिफोन नं. अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।

४. एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ ।

५. एम्बुलेन्सको १००० सि.सि. भन्दा बढी भएको हुनुपर्नेछ ।

६. एम्बुलेन्सको चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।

७. तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्नेछ ।

## ६. एम्बुलेन्स सञ्चालनको क्षेत्र तथा सुविधाः

महाभारत गाउँपालिकाबाट धुलिखेल, बनेपा, काठमाडौं, काभ्रेपलाञ्चोक जिल्ला वा गाउँपालिकाको कार्यालयबाट

तोकिएको स्थानहरुमा मात्र सञ्चालन गरिने छ भने विशेष परिस्थितिमा विशेष निर्णय गरी अगाडी बढीने छ ।

## ७. एम्बुलेन्स सेवा सञ्चालन कोषको व्यवस्थापन

१. सञ्चालक समितिको अध्यक्ष तथा सदस्य सचिवको दस्तखतमा खाता सञ्चालन हुने गरि एम्बुलेन्स सेवा सञ्चालन कोषको व्यवस्थापन गरिनेछ ।

२. एम्बुलेन्सबाट प्राप्त सेवा शुल्क उक्त कोषमा जम्मा गरिनेछ ।

३. कोषमा जम्मा गरेको रकमबाट एम्बुलेन्सको मर्मतसंभार, र इन्धन खर्च उपलब्ध गराइनेछ । यदि उक्त कोषमा जम्मा भएको रकमबाट अपुग हुन गएमा समितिको निर्णय सहितको सिफारिस तथा एम्बुलेन्स सेवा सञ्चालन कोषको बैंक स्टेटमेण्टको आधारमा गाउँपालिकाबाट थप रकम व्यवस्था गरिनेछ ।

एम्बुलेन्स सेवा शुल्क : एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बझ्नु पर्दछ । उक्त दुरी बर्गिकरण गरी देहाय बमोजिमको भाडा दर निर्धारण गरिएको छ ।

१. महाभारत गाउँपालिका भित्रबाट काठमाण्डौ सम्म प्रतिटिप रु १०००० ।

२. महाभारत गाउँपालिका भित्रबाट बनेपा रु ८५०० ।

३. महाभारत गाउँपालिका भित्रबाट धुलिखेल रु ८५०० ।

४. अन्य गाउँपालिकाहरुबाट प्रतिटिप रु १३००० ।

विशेष परिस्थितिले अन्यत्र जानुपर्ने भएमा समितिको विशेष बैठकले निर्णय भए अनुसार हुनेछ। उक्त स्थान हाईवे बाहेकका शाखा बाटो मार्फत टोल बस्तीमा जाँदा बाटोको दुरी हेरी समितिले भाडा निर्धारण गर्नेछ।

१. महाभारत गाउँपालिकाको वडा नं १ भरी रु २००० ।

२. महाभारत गाउँपालिकाको वडा नं २ भरी रु २५०० ।

३. महाभारत गाउँपालिकाको वडा नं ३ भरी रु २५०० ।

४. महाभारत गाउँपालिकाको वडा नं ४ भरी रु २५००।

५. महाभारत गाउँपालिकाको वडा नं ५ भरी रु २५००।

६. महाभारत गाउँपालिकाको वडा नं. ६ भरी रु २००० ।

७. महाभारत गाउँपालिकाको वडा नं ७ भरी रु २५०० ।

८. महाभारत गाउँपालिकाको वडा नं ८ भरी रु १५०० ।

**८. एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमा**

१. रितपूर्वक सवारी चालक अनुमति-पत्र लिएको ।

२. सवारी चालकको रुपमा न्यूनतम ५ (पाँच) वर्षको अनुभव भएको ।

३. कम्तिमा २४ वर्ष उमेर पूरा गरेको ।

४. आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको। एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमा : एम्बुलेन्स चालकको मासिक तलब भत्ता गाउँपालिकाले सम्झौता गरे बमोजिम हुनेछ ।

## ९.एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधि २०७९ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाइने छैन ।

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४. विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचार सहयोग गर्नुपर्नेछ ।

५. विरामीलाई विच बाटोमा छोड्न नहुने ।

६. दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढिमा १ महिना भित्र जम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नुपर्नेछ ।

७. आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने। तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा

विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिनुपर्नेछ ।

८. प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

९. सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्कको कूल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को नगदी रसिद दिईनेछ ।

१०. सवारी दुर्घटना, महामारी तथा विपदको अवस्थामा निर्देशक समितिबाट निर्देशन भएबमोजिम हुनेछ ।

आज्ञाले
हरि सिंह बिष्ट
प्रमुख प्रशासकीय अधिकृत